जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २७५ | २०८३ साल जेठ ०७ गते बिहीवार | Thursday-21-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## घरजग्गा भोग गर्न पाउँ भन्दै पत्रकार सम्मेलन

***शु.आ. सम्बाददाता***
***बारा, ६ जेठ***



बाराको सदरमुकाम कलैया स्थित होटल करणराज पार्टी प्यालेसमा बुधबार आयोजित पत्रकार सम्मेलनमा मैनुदिन अंसारीले आफूले कानुनी रूपमा खरिद गरेको घरजग्गा भोगचलन गर्न पाउनुपर्ने माग गरेका छन् । पत्रकार सम्मेलनमा बोल्दै अंसारीले आफूले विधिसम्मत रूपमा कलैया उपमहानगरपालिका ३ का विरेन्द्र साह कानुबाट जिल्ला बारा साविक गा.वि.स. पिप्रासिमरा वडा नम्बर २ को किता नम्बर १६३८ को ज.वि. ०-०-१० धुरमा बनेको घर जग्गा खरिद गरेको यत्रो समय वितिसक्दा पनि विभिन्न कारण देखाउँदै प्रयोग गर्न नदिइएको गुनासो गर्नुभयो । मैले आफनो पत्नी शबनम खातुनको नाममा २०८२ साल जेठ १८ गते १ करोड ४३ लाख ७० हजारमा खरीद गरेको घर जग्गामा विरेन्द्र साहले कब्जा गरी बस्नु भएको छ, अंसारीले भन्नुभयो,' जग्गा खरीद विक्रीको करार गर्दा सो जग्गाको मोल १ करोड १५ लाख तय भएको थियो तर उनी मलाई ललाई फकाई जग्गाको मोल भन्दा बढी रुपैयाँ लिई अहिले आएर मेरो रुपैयाँ पनि पनि फिर्ता नगर्ने नत घर जग्गा नै भोग गर्न दिने भनेपछि आफू अन्यायमा परेको उहाँले बताउनुभयो ।' उहाँले सम्बन्धित निकायसमक्ष पटक-पटक आग्रह गर्दा समेत समस्या समाधान नभएको भन्दै अब न्यायका लागि सञ्चारमाध्यम मार्फत आवाज उठाउन बाध्य भएको बताउनुभयो ।

अंसारीका अनुसार उक्त घरजग्गा खरिद गर्दा आवश्यक कानुनी प्रक्रिया पूरा गरिएको थियो । तर, हाल गुप्ताले अनावश्यक विवाद सिर्जना गर्दै आफूलाई घरजग्गा भोगचलन गर्न अवरोध गरिरहेको आरोप लगाउनुभयो । "मैले कानुनअनुसार जग्गा किनेको हुँ, तर अझै पनि आफ्नो सम्पत्ति उपयोग गर्न पाएको छैन," उहाँले पत्रकार सम्मेलनमा भन्नुभयो ।

उहाँले स्थानीय प्रशासन, जनप्रतिनिधि तथा सम्बन्धित निकायलाई निष्पक्ष छानबिन गरी आफूलाई न्याय दिलाउन आग्रह गर्नुभयो साथै, शान्तिपूर्ण रूपमा आफ्नो सम्पत्तिको उपभोग गर्न पाउने संवैधानिक अधिकार सुनिश्चित गरिदिन समेत माग गर्नुभयो ।

पत्रकार सम्मेलनमा उपस्थित सञ्चारकर्मीहरूले घटनाबारे जिज्ञासा राखेका थिए भने अंसारीले सबै कागजात र प्रमाण आफूसँग रहेको दाबी गर्नु भएको छ । उहाँले आवश्यक परे कानुनी प्रक्रिया मार्फत अगाडि बढ्ने पनि बताउनुभयो ।

## पत्रकार महासंघ बारा बैठकमै कुटाकुट

***शु.आ. सम्बाददाता***
***कलैया, ०६ जेठ***



नेपाल पत्रकार महासंघ बारा शाखाको कार्यसमिति बैठकमै कुटाकुटको घटना भएपछि पत्रकार वृत्तमा तरंग सिर्जना भएको छ । आगामी जेठ ९ गते तय गरिएको वार्षिक साधारणसभा तथा पुरस्कार वितरण कार्यक्रमको तयारीका लागि बुधबार कलैयास्थित महासंघ कार्यालयमा बसेको बैठक विवाद र हातपातमा परिणत भएपछि स्थिति तनावग्रस्त बनेको हो ।

घटनामा पत्रकार धिरेन्द्र तिवारी घाइते भएका छन् । तिवारीका अनुसार बैठकका क्रममा महासंघका सचिव पुष्पराज खतिवडा सँग विवाद चर्किएपछि आफूमाथि एक्कासी आक्रमण गरिएको हो ।

तिवारीले सचिव खतिवडाले आफ्नो हातको बुढीऔँलामा टोकेर गम्भीर चोट पुऱ्याएको तथा पछि बेल्चाले समेत प्रहार गरेको आरोप लगाएका छन् । "बैठक चलिरहेकै बेला ममाथि योजनाबद्ध रूपमा आक्रमण भयो । मेरो हात रगताम्मे हुने गरी कुटपिट गरियो," उनले भने, "पछि अन्य केही व्यक्तिहरू पनि हातपातमा उत्रिए ।"

घटनामा संलग्न भनिएका तिवारी र खतिवडा दुवै प्रेस चौतारी निकट पत्रकार रहेको बताइएको छ । महासंघले वितरण गर्न लागेको पुरस्कार प्रक्रियामा अध्यक्ष, सचिवलगायत केही पदाधिकारीले आर्थिक चलखेल गरेको आरोप उठेपछि तिवारीसहित केही कार्यसमिति सदस्यहरूले त्यसको विरोध गर्दै आएका थिए । सोही विषयलाई लिएर बैठकमा चर्काचर्की सुरु भएको र पछि विवाद झडपमा परिणत भएको स्रोतले जनाएको छ ।

प्रत्यक्षदर्शीहरूका अनुसार बैठककै क्रममा प्रेस चौतारीका जिउतप्रसाद यादव र प्रेस युनियनका प्रभु प्रसाद यादव बीच समेत भनाभन भएको थियो । विवाद बढ्दै जाँदा कुर्सी हानाहानको अवस्था सिर्जना भएपछि बैठक अवरुद्ध बनेको बताइएको छ । महासंघ कार्यालय परिसर केही समय तनावपूर्ण बनेको थियो ।

घटनापछि प्रहरीले महासंघ बाराका अध्यक्ष रमेश बहादुर क्षेत्री र सचिव पुष्पराज खतिवडालाई नियन्त्रणमा लिएको थियो । पछि जिल्लाका सक्रिय पत्रकारहरूको पहलमा दुवै पक्षबीच जिल्ला प्रहरी कार्यालय बारामा छलफल गराइएको थियो । प्रहरी निरीक्षक सुरेश राज भट्टका अनुसार पीडित पक्षहरूबीच सहमति भएको छ । सहमतिअनुसार महासंघ बाराको लेटरप्याडमै सार्वजनिक रूपमा माफी माग्ने, वार्षिक साधारणसभाको नयाँ मिति तय गर्ने तथा भविष्यमा यस्ता घटना नदोहोऱ्याउने प्रतिबद्धता जनाइएको उनले जानकारी दिए ।

पत्रकारको हकहित र प्रेस स्वतन्त्रताको पक्षमा आवाज उठाउने संस्थाभित्रै कुटाकुट र कुर्सी हानाहानको अवस्था सिर्जना भएपछि पत्रकार वृत्तमा गम्भीर प्रश्न उठेको छ । महासंघभित्रको आन्तरिक विवाद सार्वजनिक रूपमा हिंसात्मक बनेपछि संस्थाको गरिमा र विश्वसनीयतामाथि नै आघात पुगेको भन्दै पत्रकारहरूले चिन्ता व्यक्त गरेका छन् ।

स्थानीय पत्रकारहरूले घटनाको निष्पक्ष छानबिन गरी जिम्मेवार व्यक्तिमाथि कारबाही गर्न तथा महासंघभित्रको विकृति अन्त्य गर्न माग गरेका छन् ।

## दरबन्दीविहीन सरस्वती प्राविः विद्यार्थीको भविष्य अन्योलमा, पूर्वाधारको चरम अभाव

***शु. आ. सम्बाददाता***
***रौतहट, ०६ जेठ***



रौतहट जिल्लाको परोहा नगरपालिका-६ प्रगतिनगर बसन्तपटीमा सञ्चालित सरस्वती प्राथमिक विद्यालय लामो समयदेखि शिक्षक दरबन्दीको अभावमा पिल्सिएको छ। वि.सं. २०६८ सालमा स्थापना भएको यस विद्यालय विगत नौ वर्षदेखि दरबन्दीविहीन अवस्थामा सञ्चालन भइरहेको छ।

स्थानीय स्तरमा तीन तहका सरकारको उपस्थिति रहे पनि विद्यालयले शून्य दरबन्दीको समस्या भोग्दै आएको छ। विद्यालय अहिले नगरपालिकाबाट प्राप्त हुने एकमुष्ठ वार्षिक अनुदान र नगर शिक्षकहरूको भरमा मात्र चलिरहेको प्रधानाध्यापक रिता पटेलले जनाइन् । स्थानीय प्रबुद्ध नागरिकहरूको व्यापक गुनासोपछि शुभ आरम्भ राष्ट्रिय दैनिकका रौतहट प्रतिनिधिद्वय सतेन्द्र प्रताप सिंह र हजरत अलि देवानले विद्यालयको स्थलगत अनुगमन गरेका थिए। अनुगमनका क्रममा विद्यालयमा निम्न समस्याहरू देखिएका छन ।

विद्यालय भवन र शौचालयको उचित व्यवस्था नहुँदा पठनपाठनमा कठिनाइ छ, विद्यालयसम्म पुग्ने बाटो अवरुद्ध हुँदा विद्यार्थी र शिक्षक दुवैलाई सास्ती छ, सम्बन्धित निकायबाट नियमित अनुगमन र निरीक्षण नभएको गुनासो छ, बालविकास केन्द्रका लागि तोकिएको उमेर समूहभन्दा बढी उमेरका बालबालिकालाई राखिएको तथा विना पूर्वतयारी अंग्रेजी माध्यमबाट पठनपाठन गराउने प्रयास गरिएको छ।

तीन कट्ठा जग्गामा निर्मित यस विद्यालयमा हाल २ सय ३ जना विद्यार्थी अध्ययनरत छन्। गत वैशाख १५ देखि २१ गतेसम्म सञ्चालित भर्ना अभियानमा ६७ जना नयाँ विद्यार्थी भर्ना भएका छन्। विद्यालयमा प्रधानाध्यापकसहित सात जना शिक्षक-शिक्षिका कार्यरत रहे पनि स्थायी दरबन्दी नहुँदा व्यवस्थापनमा ठूलो चुनौती रहेको छ। यद्यपि विद्यालयको भौतिक पूर्वाधार सुधारका लागि ५० लाख रुपैयाँभन्दा बढीको योजना आउने तयारीमा रहेको प्रधानाध्यापक पटेलले बताइन् । सीमित स्रोतसाधनका बाबजुद पनि उनले धैर्य र कुशलतापूर्वक विद्यालयको नेतृत्व सम्हालिरहेकी छीन् । यस विषयमा परोहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत (उपसचिव) विष्णुप्रसाद शर्मासँग बुझ्दा उनले विद्यालयको अवस्थाबारे आफू जानकार रहेको बताए। विद्यालयका केही प्रतिनिधिहरू मसँग भेट्न आउनुभएको थियो। मैले प्रधानाध्यापक रिता पटेललाई बोलाएरै कुराकानी गरेको छु। अहिले भनिएजस्तो डरलाग्दो अवस्था छैन, तर सुधारका लागि केही समय लाग्ने देखिन्छ, अधिकृत शर्माले भन्ने । उनले नगरपालिका अन्तर्गतका सबै वडाहरूमा प्रभावकारी अनुगमन गर्न एउटा विशेष संयन्त्र गठन गर्ने प्रक्रिया अघि बढाएको जानकारी दिए । वर्षौंदेखि सरकारी दरबन्दीको पर्खाइमा रहेको सरस्वती प्राविका बालबालिकाहरूको भविष्य सुनिश्चित गर्न स्थानीय सरकारले ठोस कदम चाल्नुपर्ने आवश्यकता देखिएको छ।

**मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।**

## सरकारी विज्ञापन नीतिविरुद्ध पत्रकार महासंघको दबाबमूलक आन्दोलन घोषणा

***शु.आ. सम्बाददाता***
***बारा, ०६ जेठ***




नेपाल पत्रकार महासंघ ले श्रमजीवी पत्रकारको श्रम अधिकार तथा प्रेस स्वतन्त्रताको पक्षमा भन्दै सरकारविरुद्ध चरणबद्ध दबाबमूलक आन्दोलन घोषणा गरेको छ । महासंघले सरकारी सूचना तथा विज्ञापन राज्य नियन्त्रित सञ्चारमाध्यमलाई मात्र दिने निर्णय विभेदकारी भएको आरोप लगाउँदै आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको हो ।

महासंघका महासचिव रामप्रसाद दाहाल द्वारा जारी प्रेस विज्ञप्तिमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्राताविरोधी गतिविधि सह्य नहुने उल्लेख गरिएको छ । विज्ञप्तिअनुसार सरकारले सूचना प्रवाहमा नियन्त्रण गर्ने, श्रमजीवी पत्रकारको पक्षमा भएका ऐन तथा सरकारी विज्ञापनसम्बन्धी विभेदकारी व्यवस्था नहटाएको भन्दै महासंघले आन्दोलनको बाटो रोजेको जनाएको छ । महासंघले आगामी जेठ ६ गतेदेखि एक सातासम्म हस्ताक्षर संकलन अभियान सञ्चालन गर्ने जनाएको छ । यस अभियानमा महासंघका तीनै तहका संरचनाहरू परिचालित हुने बताइएको छ ।

त्यसैगरी, जेठ ११ गते सोमबार महासंघको केन्द्रीय समितिले संघीय संसदका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष तथा संसदीय समितिका सभापतिहरूलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम तय गरिएको छ । प्रदेश तथा शाखा समितिहरूले समेत इमेल वा हुलाकमार्फत ज्ञापनपत्र पठाउने महासंघले जनाएको छ ।

महासंघले जेठ १४ गते बिहीबार देशभरका पत्रपत्रिका, टेलिभिजन, रेडियो तथा अनलाइन सञ्चारमाध्यममा सरकारी कदमको विरोधस्वरूप सम्पादकीय वा उपयुक्त स्थानमा कालो रङ प्रयोग गर्ने कार्यक्रमसमेत घोषणा गरेको छ । सोही दिन सञ्चारमाध्यममा कालो संकेत राखी विरोध जनाइने उल्लेख छ ।

महासंघले एक साताको दबाबमूलक आन्दोलनबाट पनि माग पूरा नभए थप सशक्त आन्दोलनका कार्यक्रम ल्याइने चेतावनी दिएको छ ।

विज्ञप्तिमा महासंघले यसअघि पनि पूर्वअध्यक्ष, राष्ट्रिय दैनिक, साप्ताहिक तथा अनलाइन सञ्चारमाध्यमका सम्पादक र राजनीतिक दलका नेताहरूसँग छलफल गरेको उल्लेख गरेको छ । साथै, सातै प्रदेश समितिमा महासंघको धारणा स्पष्ट पार्दै प्रतिवेदन लिइएको तथा सबै जिल्ला शाखामार्फत प्रमुख जिल्ला अधिकारीलाई प्रधानमन्त्रीका नाममा ज्ञापनपत्र बुझाइएको जानकारी दिइएको छ ।

महासंघले पत्रकार तथा सदस्यहरूलाई सामाजिक सञ्जालमार्फत समेत विरोधका सामग्री सार्वजनिक गर्न आग्रह गरेको छ । साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग संवाद र लबिङलाई पनि तीव्र बनाइएको महासंघले जनाएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

# गिरफ्तारीमाथि उठेका प्रश्न

मेडिकल व्यवसायी तथा अभियन्ता दुर्गा प्रसाई पक्राउ परेपछि फेरि एकपटक राज्यको कानुनी अभ्यास र अभिव्यक्ति स्वतन्त्रताबारे बहस सुरु भएको छ । प्रहरीले सामाजिक सञ्जालमार्फत उत्तेजक अभिव्यक्ति दिएको तथा सामाजिक सद्भाव बिगार्ने गतिविधिमा संलग्न रहेको आरोपमा अनुसन्धान अघि बढाएको जनाएको छ । अदालतले पनि अनुसन्धानका लागि थप म्याद दिएको छ ।

कानुनको पालना गराउनु राज्यको दायित्व हो । कसैले सार्वजनिक शान्ति भंग गर्ने वा हिंसा भड्काउने गतिविधि गरेको छ भने अनुसन्धान हुनु स्वाभाविक मानिन्छ । तर पछिल्लो समय फरक विचार राख्ने व्यक्तिमाथि विद्युतीय कारोबार ऐन प्रयोग हुने क्रम बढेकाले यस घटनालाई लिएर विभिन्न प्रश्न उठिरहेका छन् । प्रसाईका समर्थकहरूले वीरगञ्जमा प्रदर्शन गर्दै पक्राउलाई राजनीतिक पूर्वाग्रह प्रेरित कदम भनेका छन् । लोकतन्त्रमा सरकारको आलोचना गर्ने अधिकार सुरक्षित हुनुपर्छ । राज्यले पनि कानुन प्रयोग गर्दा निष्पक्षता र पारदर्शिता देखाउन आवश्यक हुन्छ । यदि आरोप प्रमाणित हुन्छ भने कानुनी कारबाही हुनुपर्छ । तर कानुनलाई असहमत आवाज दबाउने माध्यम बनाइयो भने त्यसले लोकतान्त्रिक मूल्य कमजोर बनाउने खतरा रहन्छ । त्यसैले यस घटनामा निष्पक्ष अनुसन्धान र न्यायपूर्ण व्यवहार आवश्यक देखिन्छ ।

# समृद्धिको अधुरो सपना



*गोपीकृष्ण ढुंगाना*

आर्थिक विकासबिना समृद्धिको गफ कोरा कल्पनामात्र हुन्छ । सरकारले प्राथमिकता दिएका आयोजनाहरू अलपत्र हुनु अन्तर्राष्ट्रिय लज्जा हो । विकास केवल ढुंगा, गिटी, बालुवा, सिमेन्ट र माटोको संरचनामात्र होइन । यो त देशको आर्थिक रूपान्तरणको मुख्य इन्जिन हो । तर नेपालमा विकासको परिभाषा निकै सस्तो बनेको छ । यहाँ राष्ट्रिय गौरवका आयोजनाहरू वर्षौंदेखि अल्मलिएका छन् । जनताको सपनामाथि राजनीतिक दलहरूले दशकौंदेखि निर्मम खेलबाड गरिरहेका छन् ।

पूर्वाधार निर्माणको गति हेर्दा नागरिकमा ठूलो निराशा छ । आर्थिक विकासबिना समृद्धिको गफ कोरा कल्पनामात्र हुन्छ । सरकारले प्राथमिकता दिएका आयोजनाहरू आज अलपत्र अवस्थामा छन् । यो प्रवृत्तिले देशको आर्थिक भविष्यलाई गम्भीर संकटमा धकेल्दैछ । आखिर नेपाल कहिलेसम्म नारामै सीमित भइरहने ? देशको मुहार फेर्ने गौरवका आयोजनाको गम्भीर समीक्षा गरेर फड्को मार्न ढिला भइसकेको छ । नेपाल सरकारले घोषणा गरेका गौरवका आयोजना २७ पुगेका छन् । सुरुमा आर्थिक वर्ष २०६८/६९ मा १७ आयोजना छानिए । २०८० सालमा तीन आयोजना थपिए । क्रिकेट रंगशालाहरूलाई पनि गौरवको सूचीमा जबर्जस्ती राखियो । यी सबै आयोजनाको अनुमानित लागत २४ खर्ब नाघेको छ । यो रकम नेपालको वार्षिक बजेटभन्दा धेरै ठूलो हो । तर हालसम्म करिब पाँच खर्बमात्र खर्च भएको छ । महालेखापरीक्षकको ६३औं प्रतिवेदनले यसको विस्तृत खुलासा गरेको छ । दशक बितिसक्दा गौतमबुद्ध विमानस्थल, पोखरा विमानस्थल र माथिल्लो तामाकोशी मात्र सकिए । बाँकी २४ आयोजनाको प्रगति निकै दयालाग्दो देखिन्छ । चरम लापरबाहीको यो अवस्थाले विकासप्रतिको सरकारी गम्भीरतामाथि प्रश्न उठाएको छ ।

जनताको सपनामाथि राजनीतिक दलहरूले दशकौंदेखि निर्मम खेलबाड गरिरहेका छन् । पूर्वाधार निर्माणको गति हेर्दा नागरिकमा ठूलो निराशा छ । त्यसैले यो सरकारलाई त्यही निरन्तरताको छुट छैन ।

अबको रणनीतिमा आमूल परिवर्तन र कठोर नीति आवश्यक छ । नेपालले पनि अब सार्वजनिक-निजी साझेदारी मोडल अपनाउनै पर्छ । सबै काम सरकारले मात्र गर्छु भन्नु 'धृतराष्ट्र अँगालो' मात्र हो ।

विश्व परिवेशमा विकसित देशका आयोजना : विश्व परिवेश हेर्दा विकसित देशहरू निकै अगाडि छन् । सफल देशहरू पूर्वाधारलाई समृद्धिको मेरुदण्ड मान्छन् । उनीहरू ठूला आयोजनालाई निश्चित समयभित्रै सम्पन्न गर्छन् । पुँजी र प्रविधिको सही परिचालन नै तिनको मुख्य शक्ति हो । पाँच विकसित देशका 'मेगा प्रोजेक्ट'को संक्षिप्त चर्चा गरौं :-

१. अमेरिकाको इन्टरस्टेट हाइवे : यसको बजेट ५०० अर्ब डलरभन्दा बढी थियो । यो सडक सञ्जाल ३५ वर्षमा पूर्ण रूपले सकियो । यसले पूरै अमेरिकाको यातायात र ढुवानीलाई एकीकृत बनायो । परिणामस्वरूप अमेरिकी बजारमा तीव्र आर्थिक वृद्धि सम्भव भयो ।

२. बेलायत-फ्रान्स च्यानल टनेल : यो समुद्रमुनिको अनौठो र अत्याधुनिक रेल सुरुङ हो । यसको कुल निर्माण लागत १५ अर्ब डलर लागेको थियो । यो आयोजना केवल ६ वर्षको छोटो अवधिमा सम्पन्न भयो । यसले दुई देशबीचको व्यापारिक दूरी सधैंका लागि मेटायो ।

३. स्विट्जरल्यान्डको गोथार्ड टनेल : यो संसारकै सबैभन्दा लामो सुरुङ मार्ग हो । यसको कुल बजेट झन्डै १२ अर्ब डलर थियो । जुन निर्माण गर्न १७ वर्ष लाग्यो । यसले आल्प्स पर्वत पार गर्ने ढुवानी निकै सहज बनायो । यसको परिणाम पर्यावरण संरक्षण र तीव्र पारवहनमा प्रस्ट देखियो ।

४. अस्ट्रेलियाको सिड्नी मेट्रो : यसको पहिलो चरणको कुल बजेट २० अर्ब थियो । यो अत्याधुनिक रेलवे पूर्वाधार १० वर्षमा पूर्ण रूपमा सकियो । यसले सिड्नी सहरको बढ्दो ट्राफिक जामलाई पूर्ण रूपमा हटायो । नयाँ प्रविधिको प्रयोगले यो आयोजना विश्वमै उत्कृष्ट नमुना बन्यो ।

५. बेलायतको एलिजाबेथ रेल लाइन : यस मेगा प्रोजेक्टको कुल लागत २४ अर्ब डलर पुग्यो । यो सहरी रेल आयोजना १३ वर्षमा निर्माण सम्पन्न भयो । यसले लन्डनको रेल यातायात क्षमता १० प्रतिशतले बढायो । लाखौं यात्रु अहिले यसबाट सुरक्षित यात्रा गरिरहेछन् ।

एसियाली प्रवेग, विकासको नयाँ इन्जिन : अब एसियाली परिवेश । अहिले एसिया विश्व पूर्वाधार विकासको नयाँ केन्द्र बनेको छ । एसियाली देशहरूको विकास मोडल विश्वमै अनुकरणीय बन्दैछ । जसले रणनीतिक आयोजनालाई तीव्र गतिमा अघि बढाएका छन् :-

क) चीनको थ्री गोर्जेस बाँध : यो विश्वकै सबैभन्दा ठूलो जलविद्युत् आयोजना मानिन्छ । ३२ अर्ब डलरको यो विशाल बाँध १४ वर्षको अवधिमा सम्पन्न भयो । यसले चीनको ठूलो क्षेत्रमा आउने बाढी नियन्त्रण गर्‍यो भने देशको ऊर्जा संकटको दिगो समाधान गर्‍यो ।

ख) जापानको सिन्कान्सेन बुलेट ट्रेन : यसको प्रारम्भिक लाइनको बजेट १.१ अर्ब डलर थियो । यो उच्च गतिको रेलमार्ग पाँच वर्षमै बन्यो । यसले जापानी प्रविधि र समयको अनुशासनलाई विश्वभर फैलायो । यसको परिणाम टोकियो र ओसाकाबीचको आर्थिक सम्बन्ध बलियो भयो ।

ग) भारतको दिल्ली-मुम्बई औद्योगिक करिडोर : यस बहुआयामिक आयोजनाको अनुमानित बजेट १०० अर्ब डलर छ । जसको पहिलो चरणको निर्माण कार्य तीव्र गतिमा सकियो भने भारतका विभिन्न राज्यमा नयाँ स्मार्ट सहरहरू जन्मायो । करिडोरले औद्योगिक उत्पादन र निर्यातलाई ठूलो टेवा पुर्‍यायो ।

घ) इन्डोनेसियाको जकार्ता-बान्डुङ रेल : यस आयोजनाको कुल निर्माण लागत ७.३ अर्ब डलर रह्यो । यो अत्याधुनिक रेल पूर्वाधार सात वर्षमा सकियो । दुई प्रमुख सहरबीचको यात्रा समय ह्वात्तै घटायो । जसबाट इन्डोनेसियाको आन्तरिक 'कनेक्टिभिटी'मा ठूलो सुधार आएको छ ।

ङ) सिंगापुरको टुआस मेगा पोर्ट : संसारकै सबैभन्दा ठूलो पूर्ण स्वचालित बन्दरगाह बन्दै गरेको यस आयोजनाको कुल बजेट १४ अर्ब डलर तोकिएको छ । यसको पहिलो चरण निर्धारित समयमै सफलतापूर्वक सम्पन्न भयो । यसले सिंगापुरलाई विश्वव्यापी सामुद्रिक व्यापारको केन्द्र बनाइराख्न मद्दत गर्‍यो ।

नेपालको यथार्थ - लागत र समयको भार : यी विश्वव्यापी उदाहरणले नेपाल र नेपालीलाई ऐना देखाउँछन् । यी हेर्दा नेपालको विकास मोडल भने सधैं उल्टो बाटोमा हिँडिरहेको अनुभूति हुन्छ । राष्ट्रिय गौरवको नारा उपहासको पात्र झैं लाग्छ । यहाँ पहिला बिउ छर्ने अनि खेत जोत्ने काम हुन्छ । यसको अर्थ पूर्वतयारीबिनै आयोजनाको शिलान्यास गरिन्छ ।

सस्तो लोकप्रियताले कार्यान्वयनको कडीमा सरकार सधैं नराम्ररी चुक्दै आएको छ । लगानी बालुवामा पानी हालेसरह लाग्छ । काठमाडौं-निजगढ द्रुतमार्गको व्यवस्थापन नेपाली सेनालाई दिइएको छ । यसको निर्माण कार्य २०७३ सालमा सुरु भएको थियो । तर सम्पन्न हुनुपर्ने समयमा जम्मा ४२ प्रतिशत भौतिक प्रगति छ । बुढीगण्डकी बहुउद्देश्यीय जलविद्युत् आयोजनाको अवस्था अझै दयनीय देखिन्छ । भौतिक प्रगति १६.५५ प्रतिशत रहेको यसको मुख्य निर्माण कार्य अझै सुरु हुन सकेको छैन । पुष्पलाल मध्यपहाडी लोकमार्गको प्रगति ८१.७३ प्रतिशत छ । कर्णाली करिडोरको प्रगति ११ वर्षमा २०.७५ प्रतिशतमात्र छ । हुलाकी लोकमार्गको प्रगति ७२.७५ प्रतिशत पुगेको महालेखाले जनाएको छ । कोशी करिडोरको सडक केवल ४५ प्रतिशतमा सीमित छ । सिँचाइतर्फ सिक्टा सिँचाइ आयोजनाको प्रगति ४४.२३ प्रतिशत छ भने महाकाली सिँचाइ आयोजनाको प्रगति २६.६५ प्रतिशत । भेरी बबई डाइभर्सनको भौतिक प्रगति ६९ प्रतिशत छ भने सुनकोशी मरिन डाइभर्सनको ३६.८३ प्रतिशत । रानीजमरा कुलरिया सिँचाइ आयोजनाको भौतिक प्रगति ७४.७६ प्रतिशत भने बबई सिँचाइ आयोजनाको प्रगति ८२.२७ प्रतिशत ।

असफलताका कारण र संरचनागत कमजोरी : पश्चिम सेती र निजगढ विमानस्थल हालसम्म सुरु नै भएनन् । सम्पन्न भनिएका विमानस्थलको व्यावसायिक सञ्चालन पनि हुन सकेको छैन । यो राज्यको अर्बौं लगानीमाथिको गम्भीर खेलबाड हो । अर्थ मन्त्रालयको अर्धवार्षिक प्रतिवेदनले १५बुँदे समस्या औंल्याएको छ । आयोजनाहरू वर्षौंसम्म अल्झँदा लागत अनुमान दोब्बर भएको छ । जग्गा प्राप्ति र मुआब्जा विवाद प्रमुख कारण देखिन्छन् । बजार मूल्यभन्दा अत्यधिक मुआब्जा माग गर्दा लागत चुलिएको छ । वन क्षेत्र प्रयोग र रुख कटानको प्रक्रिया निकै झन्झटिलो छ ।

भौगर्भिक विश्लेषणबिनै जथाभावी सडक खन्ने काम हुन्छन् । सडक मार्ग तथा छेउछाउका सम्पदा संरक्षणमा ठूलो चुनौती छ । वातावरणीय प्रभाव न्यूनीकरणका लागि बायो-इन्जिनियरिङको प्रयोग निकै कमजोर छ । प्राकृतिक प्रकोप र पहिरोले बर्सेनि ठूलो क्षति पुर्‍याउने गरेको छ । एउटै ठेकेदारले क्षमताभन्दा बढी ठेक्का ओगट्ने प्रवृत्ति बढ्दो छ । न्यून बोलकबोल गरेर ठेक्का लिने तर काम नगर्ने रोग छ । आयोजना प्रमुखहरूको छिटो-छिटो सरुवाले अनिश्चितता पैदा गरिरहेको छ । सडक, खानेपानी र विद्युत् निकायबीच समन्वय देखिँदैन, भए पनि प्रभावकारी छैनन् । वित्तीय प्रगतिलाई मात्र सफलता मान्ने सरकारी दृष्टिकोण त झनै गलत छ । समस्याको चाङ लगाइरहने होइन, अब समाधान खोज्न ढिला भइसक्यो ।

रूपान्तरणकारी आयोजना र तुलनात्मक विश्लेषण : सरकारले १७ रूपान्तरणकारी आयोजना पनि सञ्चालन गरेको छ । तर तिनको गति पनि गौरवका आयोजना जस्तै सुस्त छ । सार्वजनिक विद्यालय सबलीकरण आयोजनाको प्रगति ८१ प्रतिशत छ । प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रमको प्रगति ८८ प्रतिशत छ । गल्छी-त्रिशूली-रसुवागढी सडक आयोजनाको भौतिक प्रगति ६४ प्रतिशत छ । तर भेरी करिडोर प्रसारण लाइनको प्रगति १२.३ प्रतिशतमात्र छ ।

तमोर करिडोर ४०० केभी प्रसारण लाइनको प्रगति २७.७ प्रतिशत छ । ६ वटा रूपान्तरणकारी आयोजना पनि तोकिएको समयमा सम्पन्न भएनन् । जसको मध्यावधि समीक्षासमेत गरिएको छैन । यसले राष्ट्रिय योजना आयोगको अनुगमन प्रणाली निकै कमजोर देखाउँछ । आयोजनाका संख्या बढाउनु ठूलो भूल हो । राजनीतिक होडबाजी र क्षेत्रीय सन्तुलन मिलाउन गौरवका आयोजना भनियो । स्रोत र साधनलाई धेरै ठाउँमा छर्दा नतिजा शून्य भयो । विस्तृत इन्जिनियरिङ अध्ययनबिनै बजेट तोक्ने काम भए । बजारमा निर्माण सामग्री र श्रमको मूल्य निरन्तर बढिरहेको छ । यसले गर्दा सुरुको बजेटले न्यून काम मात्र सम्भव हुन्छ । अन्ततः संशोधित लागत अनुमान अकासिन पुग्छ र देश थला पर्छ ।

सुझाव र निकासको बाटो : अबको रणनीतिमा आमूल परिवर्तन र कठोर नीति आवश्यक छ । हाम्रो छिमेकी चीनले थोरै तर रणनीतिक आयोजनामात्र रोज्यो । दक्षिण कोरियाले पूर्वाधार विकासलाई राष्ट्रिय अनुशासनसँग दरिलो गरी जोड्यो । सिंगापुरले पूर्ण प्रतिज्ञाका साथ तोकिएको समयमै काम फत्ते गर्‍यो । हामी भने मुखले मात्र बोल्ने तर सिन्को नभाँच्ने भइरह्यौं । भारतका यातायात मन्त्री नीतिन गडकरीले जस्तै नीति लिनुपर्छ । भारतमा थुप्रै ठूला सडक निजी क्षेत्रको लगानीमा बनाइएका छन् । नेपालले पनि अब सार्वजनिक-निजी साझेदारी मोडल अपनाउनै पर्छ । सबै काम सरकारले मात्र गर्छु भन्नु 'धृतराष्ट्र अँगालो' मात्र हो । सफल बन्न कार्यान्वयन सम्भव हुने योजना मात्र छानौं । समस्याग्रस्त आयोजनाका लागि छुट्टै र विशेष रणनीति अपनाऔं । त्यसपछि प्रक्रियागत झमेला र बजेट अभाव भोग्नुपर्ने छैन । पूर्वतयारी सकिएपछि मात्र ठेक्का लगाउने कानुनी बाध्यता सिर्जना गरौं । आयोजना प्रमुखहरूको कार्यअवधि स्थिरता सुनिश्चित गरौं । जोखिम पहिचान र व्यवस्थापन प्रणालीलाई अनिवार्य लागू गरौं । प्रभावित क्षेत्रका बासिन्दाहरूसँग पूर्वसहमति कायम गरेर अघि बढौं । श्रमिक तथा जनशक्तिलाई प्राविधिक तालिम दिएर सक्षम बनाऔं ।

निष्कर्षमा भन्नुपर्दा, कार्यान्वयन हुन सक्ने योजना नै सुन्दर र सही योजना हुन् । यस पटक युवा जोश र आशासहितको नयाँ सरकार बनेको छ । नयाँ सरकारले यो धरातलीय यथार्थलाई बुझ्ने अपेक्षा नागरिकको छ । कामको छिनोफानो समयमै गरेर गति बढाउनु आजको आवश्यकता हो । राष्ट्रिय ढुकुटीप्रति सबैले जिम्मेवारले सधैं नैतिक रूपमा उत्तरदायी बन्नैपर्छ । समय सीमाको पालना गर्न कठोर कदम चाल्न ढिलो भइसक्यो । होइन भने यी आयोजना गौरवका प्रतीक कहिल्यै बन्ने छैनन् । यिनीहरू सधैं राष्ट्रिय लज्जा र आर्थिक बोझ मात्र बनिरहनेछन् ।

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

समृद्ध नेपाल, सुखी नेपाली❑ दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# थाइल्यान्ड सीमावर्ती सहर नियन्त्रणमा लिएको म्यान्मा सेनाको दाबी

**याङ्गुन-** म्यान्माको सेनाले थाइल्यान्ड सीमामा रहेको महत्त्वपूर्ण व्यापारिक सहर मावटाउङ पुनः आफ्नो नियन्त्रणमा लिएको दाबी गरेको छ। सेनाले यसलाई सीमा व्यापार र यातायात विस्तारका लागि रणनीतिक उपलब्धिका रूपमा प्रस्तुत गरेको छ। म्यान्माको दक्षिणी सीमामा पर्ने मावटाउङ अपेक्षाकृत सानो भए पनि व्यापारिक दृष्टिले महत्त्वपूर्ण केन्द्र मानिन्छ। सरकारी तथ्याङ्कअनुसार आर्थिक वर्ष २०२३-२४ मा उक्त नाकाबाट करिब ६७ लाख मालवाहक आवागमन भएको थियो।

सेनाका अनुसार हालैका महिनामा जातीय अल्पसङ्ख्यक सशस्त्र समूह र प्रजातन्त्र समर्थक गुरिल्ला समूहविरुद्ध हासिल गरिएको सफलतामध्ये मावटाउङ पुनः कब्जा पनि एक हो। सन् २०२१ को सैन्य कूपछि देशभर फैलिएको द्वन्द्व अझै जारी छ।

राज्य सञ्चालित सञ्चारमाध्यमले सेनाले गत नोभेम्बरमा मावटाउङको नियन्त्रण गुमाएको उल्लेख गरेका छन्।




तर दुई सातासम्म चलेको प्रतिआक्रमणपछि मङ्गलबार पुनः नियन्त्रणमा लिइएको दाबी गरिएको छ।

राज्य सञ्चालित अखबार 'द ग्लोबल न्यु लाइट अफ म्यान्मा' का अनुसार उक्त क्षेत्रमा २०० भन्दा बढी साना-ठूला झडप भएका थिए। ती झडपमा कम्तीमा २४ विपक्षी लडाकू मारिएको सेनाको दाबी छ। सेनातर्फ पनि केही सैनिकको मृत्यु भएको उल्लेख गरिए पनि यकिन सङ्ख्या सार्वजनिक गरिएको छैन।

सेनाले मावटाउङ पुनः नियन्त्रणमा लिएसँगै तनिन्थारी-मावटाउङ मार्ग हुँदै म्यान्मा र थाइल्यान्डबीचको सीमापार व्यापार तथा यातायात गतिविधि पुनः सञ्चालन हुने जनाएको छ।

सन् २०२१ मा सेनाले निर्वाचित नेता आङ सान सुकी नेतृत्वको सरकार अपदस्थ गरेपछि म्यान्मामा राजनीतिक सङ्कट गहिरिएको हो। त्यसयता लोकतन्त्र समर्थक आन्दोलन र विभिन्न जातीय सशस्त्र समूहबीच लगातार सङ्घर्ष हुँदै आएको छ।

सन् २०२३ को अन्त्यतिर विद्रोही समूहहरूले संयुक्त आक्रमणमार्फत सेनामाथि दबाब बढाएका थिए। तर पछिल्ला महिनामा त्यो अभियान कमजोर बन्दै गएपछि सेनाले केही रणनीतिक क्षेत्रमा पुनः नियन्त्रण विस्तार गरेको देखिएको छ।

यसै महिनामा सेनाले चीनतर्फ जाने प्रमुख उत्तरी राजमार्ग पुनः नियन्त्रणमा लिएको दाबी गरेको थियो भने गत महिना थाइल्यान्डसँग जोडिएको व्यस्त व्यापारिक नाकातर्फ जाने सडक पुनः कब्जा गरेको घोषणा गर्दै समारोहसमेत आयोजना गरेको थियो।

हालै सन् २०२३ को आक्रमणमा सक्रिय दुई जातीय सशस्त्र समूहले बेइजिङको मध्यस्थतामा सहमति गरेको दाबी गरिएको छ। यसले कम प्रशिक्षित र कमजोर रूपमा सुसज्जित प्रजातन्त्र समर्थक समूहहरूलाई थप दबाबमा पारेको विश्लेषण गरिएको छ। विश्लेषकहरूका अनुसार लोकतन्त्र समर्थक आन्दोलन राजनीतिक रूपमा क्रमशः कमजोर र अलग्गिने जोखिममा परेको छ।




# कोल्हबी-रामनगर सडक स्तरोन्नति सुरु, स्थानीयमा विकासप्रति उत्साह

***नबिन चौधरी***
***बारा, ०६ जेठ***

बाराको कोल्हबी नगरपालिका वडा नम्बर ८ अन्तर्गत नयाँबस्ती क्षेत्रमा सडक स्तरोन्नति कार्य सुरु भएको छ। गाउँ तथा वन सीमाना हुँदै काट नदी पार गरेर जितपुरसिमरा उपमहानगरपालिका-१७ रामनगर जोड्ने महत्वपूर्ण सडकको सुधार कार्य अगाडि बढाइएपछि स्थानीयवासीमा उत्साह थपिएको छ।

संघीय अनुदानमार्फत सञ्चालन गरिएको उक्त योजनाअन्तर्गत हाल सडक स्तरोन्नति तथा ढलान कार्य भइरहेको जनाइएको छ। वर्षौंदेखि प्रयोगमा रहेको सडक जीर्ण बन्दै गएपछि स्थानीयवासीले पटक-पटक स्तरोन्नतिको माग गर्दै आएका थिए। विशेषगरी वर्षायाममा सडक हिलाम्मे हुने, सवारीसाधन सञ्चालनमा समस्या आउने तथा पैदल यात्रा समेत जोखिमपूर्ण बन्ने अवस्थाले स्थानीय जनजीवन प्रभावित हुँदै आएको थियो। हाल २५ लाख रुपैयाँको बजेटमार्फत सडक सुधार कार्य सुरु गरिएपछि स्थानीयले राहत महसुस गरेका छन्। सडक निर्माण सम्पन्न भएपछि आवतजावत सहज हुनुका साथै कृषि उत्पादन बजारसम्म पुऱ्याउन, विद्यार्थीको विद्यालय आवतजावत र बिरामीको उपचारका लागि यातायात



पहुँचमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

स्थानीय समाजसेवी रबिन्द्र चौधरी ले उक्त सडक गाउँका किसान, विद्यार्थी, बिरामी तथा सर्वसाधारणका लागि अत्यन्त आवश्यक पूर्वाधार भएको बताए। उनले सडक निर्माणले ग्रामीण क्षेत्रको आर्थिक तथा सामाजिक गतिविधिमा समेत टेवा पुग्ने विश्वास व्यक्त गरे।

वडा अध्यक्ष अनुप सुवेदी ले प्राप्त बजेट तोकिएको शीर्षकअनुसार खर्च गर्नुपर्ने भएकाले सडक निर्माणलाई प्राथमिकतामा राखिएको जानकारी दिए। उनले आगामी दिनमा स्थानीय आवश्यकता र जनताको मागलाई आधार बनाएर अन्य विकास योजनाहरू पनि सञ्चालन गरिने बताए।

त्यसैगरी, नगर प्रमुख रामप्रसाद चौधरी ले आगामी आर्थिक वर्षमा अधुरा योजनालाई निरन्तरता दिँदै कृषि, सडक, सिँचाइ तथा जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने योजनालाई प्राथमिकतामा राखिने बताए। उनका अनुसार जनताको सुझाव र आवश्यकताका आधारमा योजना छनोट गर्ने नीति पालिकाले अवलम्बन गर्नेछ। स्थानीय अगुवाहरूले सडक स्तरोन्नतिले कोल्हबी नगरपालिका र जितपुरसिमरा उपमहानगरपालिकाबीचको सम्पर्क अझ सहज र प्रभावकारी बन्ने विश्वास व्यक्त गरेका छन्। उनीहरूका अनुसार जनताको वास्तविक आवश्यकता अनुसार विकास योजना सञ्चालन भए मात्रै स्थानीय तहमा दिगो परिवर्तन सम्भव हुने बताएका छन्।

# वीरगंजमा मोटरसाइकल चोरीमा संलग्न एक युवक पक्राउ

***शु.आ. सम्बाददाता***
***वीरगंज, ०६ जेठ***

पर्सा प्रहरीले वीरगंज महानगरपालिका क्षेत्रबाट चोरी भएको मोटरसाइकलसहित एक युवकलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्साले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै मोटरसाइकल चोरी घटनामा संलग्न रहेको आरोपमा एक जनालाई नियन्त्रणमा लिइएको जनाएको हो।

प्रहरीका अनुसार वीरगंज महानगरपालिका-१२ मुर्ली निवासी ३४ वर्षीय दिपेन्द्र कुशवाहाको नाममा दर्ता रहेको मधेश प्रदेश ०३-०३३ प ५८५७ नम्बरको निलो-कालो रंगको टिभिएस अपाचे मोटरसाइकल मँगलबार साँझ करिब ६:३० बजे चोरी भएको थियो। उक्त मोटरसाइकल वीरगंज-१२ स्थित दिलबन्धु पेट्रोलपम्प परिसरमा पार्किङ गरी राखिएको अवस्थामा चोरी भएको जनाइएको छ।

घटनापछि स्थानीयवासी तथा प्रहरीको सक्रियतामा खोजतलास सुरु गरिएको थियो। अनुसन्धानका क्रममा मोटरसाइकल चोरीमा संलग्न रहेको आरोपमा बाराको कलैया उपमहानगरपालिका-१ निवासी २४




वर्षीय प्रेमकुमार पटेललाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ।

प्रहरीले पक्राउ परेका युवकलाई नियन्त्रणमा लिएर चोरी सम्बन्धी कसुरमा थप अनुसन्धान अगाडि बढाइएको जानकारी दिएको छ। बरामद गरिएको मोटरसाइकल समेत प्रहरीले आफ्नो नियन्त्रणमा लिएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरी बहादुर बस्नेतले चोरी घटनामा अन्य व्यक्तिको संलग्नता भए नभएको विषयमा समेत अनुसन्धान भइरहेको बताएका छन्।

पछिल्लो समय वीरगंज क्षेत्रमा मोटरसाइकल चोरीका घटना बढ्दै गएको भन्दै प्रहरीले सर्वसाधारणलाई सवारीसाधन सुरक्षित स्थानमा पार्किङ गर्न, सुरक्षा सावधानी अपनाउन तथा शंकास्पद गतिविधिबारे तत्काल प्रहरीलाई जानकारी गराउन आग्रह गरेको छ।

## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

महागढीमाई नगरपालिका, बरियारपुर, बारा

## जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने विषयवस्तु

१. जग्गा बिक्री गर्ने वास्तविक व्यक्ति (जग्गाधनी) बुझेर सो जग्गा निजको हकभोगमा छ/छैन प्रष्ट हुनुहोस ।
२. कित्ताको मोठ, श्रेष्ता, जग्गाधनीको फोटो, तीनपुस्ते विवरण भिडे नभिडेको एकिन गर्नुहोस ।
३. जग्गाको प्रकृति (रैकर, गुठी) के हो ? प्रष्ट हुनुहोस ।
४. जग्गामा मोही कायम रहे/नरहेको विवरण फिल्डबुक तथा मालपोतको अभिलेखमा हेरी प्रष्ट हुनुहोस ।
५. कुनै अड्डा / अदालत वा अन्य कुनै कार्यालयले जग्गा रोक्का राखे नराखेको वा जग्गामा विवाद रहे/नरहेको एकिन गर्नुहोस ।
६. किताकाट गरी लिनुपर्दा जमिन तथा नक्सा बमोजिम कुन तर्फ कति क्षेत्रफल लिने हो एकिन गर्नुहोस।
७. जग्गामा गरेको हकभोगको आकार र क्षेत्रफल नक्सा बमोजिम मिल्छ / मिल्दैन एकिन गर्नुहोस।
८. नक्शा, लालपुर्जा र जमिनको क्षेत्रफल मिल्छ / मिल्दैन एकिन गर्नुहोस।
९. जग्गा र नक्शामा प्रष्टरुपमा बाटो रहे/नरहेको बुझ्नुहोस ।
१०. कित्तामा विवाद रहे/नरहेको बुझ्न जमिनमा गई सँधियारबाट बुझ्नुहोस ।
११. नक्सा बमोजिम जमिनमा चारैतर्फ सिमाना एकिन गरी रेखाङ्कन गर्नुहोस।
१२. खरिद गर्न लागिएको जग्गा स्थानीय तहको बर्गीकरण बमोजिम कुन वर्गमा पर्छ एकिन गर्नुहोस ।
१३. घर टहरा वा अन्य स्थायी संरचना जमिनमा भएकोमा सोको स्वामित्व हस्तान्तरण हुने भए लिखतमा खुलाउनुहोस।
१४. अंशियार, हकवाला / मोहीको सम्बन्धमा बुझी लिखतमा साक्षी राख्नु पर्ने अवस्थामा लिखत पारित गर्दा साक्षी राख्नुहोस।
१५. पारित लिखत संशोधन प्रकृया लामो, कानुनी हिसाबले झन्झटिलो हुने हुँदा लिखत पारित हुनु अगावै माथि उल्लेखित कुराहरुमा ध्यान दिई ढुक्क रहनुहोस ।

मालपोत कार्यालय, सिम्रौनगढ बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - बहुदरमाई नगरपालिका पर्सा

# सिर्सिया नाकामा तस्करी संरक्षणको आरोप : घुमुवा गुप्तामाथि आर्थिक आतंक मच्चाएको गम्भीर आरोप

***हरिकिशोर शर्मा***
***वीरगंज, ०६ जेठ***

पर्साको सीमावर्ती क्षेत्र सिर्सियास्थित प्रहरी चौकीमा कार्यरत घुमुवा प्रहरी सहायक हवल्दार नरेश गुप्तामाथि तस्करी संरक्षण गर्दै आर्थिक आतंक मच्चाएको गम्भीर आरोप सार्वजनिक भएको छ । स्थानीयवासी, साना व्यापारी तथा स्रोतहरूले दिएको जानकारीअनुसार सिर्सिया, अलौं, खल्लवाटोला लगायतका सीमावर्ती नाकाबाट भइरहेको अवैध तस्करी गतिविधिमा गुप्ताको प्रत्यक्ष संरक्षण रहेको दाबी गरिएको छ ।




प्रहरी चौकी सिर्सियाका प्रमुख वरिष्ठ प्रहरी नायब निरीक्षक मानबहादुर जिम्बाको नेतृत्वमा रहेको उक्त चौकी अन्तर्गतका विभिन्न नाकाबाट दैनिक रूपमा कपडा, हार्डवेयर, मोटर पार्ट्स, कस्मेटिक सामग्री, सुर्तीजन्य वस्तु, मदिरा, ब्याट्री, काजु तथा पशु चौपायासम्मको तस्करी निर्बाध रूपमा भइरहेको स्थानीयहरूको आरोप छ ।
स्थानीय स्रोतका अनुसार प्रहरी सहायक हवल्दार गुप्ता विगत करिब आठ महिनादेखि सिर्सियामा कार्यरत छन् । यस अवधिमा सीमावर्ती क्षेत्रमा तस्करी मौलाउँदै गएको र रातको समयमा अवैध सामान निर्बाध रूपमा नेपाल भित्रिने गरेको प्रत्यक्षदर्शीहरूको भनाइ छ ।
स्थानीय व्यापारीहरूले गुप्ताले आफूलाई "सिंघम प्रहरी" को रूपमा चिनाउँदै सर्वसाधारणलाई आतंकित बनाउने गरेको आरोप लगाएका छन् । उनी दिनहुँ सीमा क्षेत्रका पसल तथा होटलहरूमा पुगेर प्रहरी संगठनभित्र आफ्नो ठूलो पहुँच रहेको भन्दै धम्की दिने गरेको एक पीडित व्यापारीले नाम नछाप्ने सर्तमा बताए ।
"उहाँ भन्छन्– मेरो पहुँच प्रहरी हेडक्वार्टरसम्म छ, मलाई एसपी-डीएसपी कसैले केही गर्न सक्दैन," ती व्यापारीले भने, "पसलबाट पैसा नै नतिरी सामान लैजानुहुन्छ, विरोध गरे दुःख दिन्छु भनेर धम्क्याउनुहुन्छ ।"
स्थानीयका अनुसार साना व्यापारी तथा घरायसी प्रयोजनका लागि सामान ल्याउने सर्वसाधारणमाथि समेत अनावश्यक दबाब सिर्जना गरी रकम असुल्ने कार्य भइरहेको छ ।
स्रोतहरूका अनुसार सीमावर्ती क्षेत्रमा सक्रिय विभिन्न तस्कर समूहसँग मासिक रकम लिएर अवैध सामान भित्र्याउन "ग्रीन सिग्नल" दिने काम भइरहेको छ। विशेष गरी खल्लवाटोला सिर्सिया नाका हुँदै कपडा, कबाड, किराना सामग्री, सुर्तीजन्य वस्तु तथा प्रतिबन्धित माछासमेत भित्रिने गरेको दाबी गरिएको छ ।
भारतीय पक्षका केही समूहले साइकल तथा मोटरसाइकल प्रयोग गरी दैनिक रूपमा सामान ओसारपसार गरिरहेको स्थानीयको भनाइ छ । प्रहरीकै संरक्षणका कारण रातभरि तस्करी फस्टाएको आरोप समेत लगाइएको छ ।
स्थानीयका अनुसार गुप्ताले आफू प्रहरी चौकी प्रमुख वरिष्ठ सई जिम्बाको "दाहिने हात" भएको दाबी गर्दै खुलेआम रकम असुली गर्ने गरेका छन् । "यहाँबाट दैनिक लाखौंको सामान अवैध रूपमा भित्रिन्छ, तर रोक्नेभन्दा मिलाउने काम भइरहेको छ," एक स्थानीयले बताए ।
प्रत्यक्षदर्शीहरूले दिएको जानकारीअनुसार प्रहरी सहायक हवल्दार गुप्ता रातिको समयमा स्वयं सीमाक्षेत्रमा पुगेर तस्करीको सामान 'स्कर्टिङ' गर्दै कटाउने कार्यमा संलग्न हुने गरेका छन् । कतिपय अवस्थामा प्रहरीकै उपस्थितिमा सामान वारपार भइरहेको स्थानीयहरूको दाबी छ ।
यसैबीच, वीरगञ्जस्थित आईसीपी क्षेत्र आसपास रहेका होटल तथा मदिरा पसलहरूमा खुलेआम देहव्यापार भइरहेको भन्दै स्थानीयहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन् । स्थानीयका अनुसार पटक-पटक प्रहरीलाई जानकारी गराउँदा पनि नियन्त्रणको कुनै पहल नभएको गुनासो छ ।
बरु, प्रहरी सहायक हवल्दार गुप्ताले ती होटल तथा पसल सञ्चालकहरूबाट मासिक ५ हजारदेखि १० हजार रुपैयाँसम्म रकम असुल्ने गरेको आरोप लगाइएको छ । केही होटलहरूले भारतीय गाडीका चालक तथा सहचालकलाई खाजा खुवाउने बहानामा महिलाहरू उपलब्ध गराउने तथा त्यसपछि लुटपाटसमेत हुने गरेको स्थानीय स्रोतको दाबी छ ।
स्थानीय प्रत्यक्षदर्शीहरूका अनुसार वरिष्ठ सई मानबहादुर जिम्बा प्रायः आईसीपी गेटअगाडि रहेको एक खाजा पसल अगाडि दिनभर आफ्नो चारचक्के गाडी रोकेर बस्ने गरेका छन् । त्यही क्षेत्र आसपास भइरहेको अवैध गतिविधिबारे जानकार हुँदाहुँदै पनि कारबाही नगरेको भन्दै स्थानीयहरूले प्रश्न उठाएका छन् ।
"सबै कुरा देख्दा देख्दै पनि नियन्त्रणको प्रयास छैन, बरु महिनावारी रकमकै लोभमा संरक्षण भइरहेको देखिन्छ," एक स्थानीयले आरोप लगाए ।
सीमावर्ती क्षेत्रमा खटिएका केही प्रहरी कर्मचारीको गतिविधिका कारण समग्र प्रहरी संगठनकै छवि धमिलिएको भन्दै स्थानीयहरूले गुनासो गरेका छन् । लामो समयदेखि विभिन्न आरोप सार्वजनिक भइरहँदा पनि माथिल्लो निकायले छानबिन तथा निगरानी नगरेको भन्दै उनीहरूले आक्रोश व्यक्त गरेका छन् ।
स्थानीयवासीहरूले गृह प्रशासन तथा प्रहरी प्रधान कार्यालयसँग घटनाबारे निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरेका छन् ।

# सीडीओ भुसाल स्वयं नागरिकता फाँटमाः सेवाग्राहीको भीड व्यवस्थापनमा सक्रियता

***शु. आ. सम्बाददाता***
***रौतहट, ०६ जेठ***

जिल्ला प्रशासन कार्यालय रौतहट गौरमा पछिल्लो समय सेवाग्राहीको अत्यधिक भीड बढेपछि सेवा प्रवाहलाई चुस्त र व्यवस्थित बनाउन प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाल आफैं फाँटमा खटिएका छन् ।



जेठ महिनाको चर्को गर्मी र सेवाग्राहीको चापका कारण नागरिकता बनाउने तथा अन्य प्रशासनिक कामका लागि आएका सर्वसाधारणले सास्ती खेप्नु परिरहेको अवस्थालाई मध्यनजर गर्दै प्रजिअ भुसालले प्रत्यक्ष रूपमा कार्यसम्पादनमा संलग्नता जनाएका हुन् । नागरिकता फाँटमा फाइलहरूको चाप बढ्दा र कर्मचारीहरूलाई भ्याइनभ्याई हुँदा सेवाग्राहीहरू घण्टौंसम्म लाइनमा बस्नुपर्ने बाध्यता थियो । यसै समस्यालाई समाधान गर्न प्रजिअ भुसालले आफ्नो कार्यकक्षबाट निस्किएर नागरिकता फाँटमै पुगी कागजातको रुजु गर्ने प्रक्रिया बुझाइदिने र कर्मचारीहरूलाई छिटो काम सक्न निर्देशन दिइरहेका छन् ।
उनको यो सक्रियताले गर्दा विशेषगरी टाढा-टाढाबाट आएका वृद्धवृद्धा, महिला र अशक्त सेवाग्राहीहरूले राहत महसुस गरेका छन् । प्रजिअ भुसालले भने हाम्रो मुख्य उद्देश्य भनेकै नागरिकलाई बिना झन्झट छिटो सेवा प्रदान गर्नु हो । भीड बढेका बेला कर्मचारीको मात्र भर नपरी हामी आफैं पनि खटिएर काम गर्दा सेवाग्राहीको समय बचत हुन्छ र उनीहरूमा सकारात्मक सन्देश जान्छ । रौतहटको जिल्ला प्रशासन कार्यालयमा नागरिकता, राहदानी र राष्ट्रिय परिचयपत्रका लागि बिहानैदेखि सेवाग्राहीको ठूलो उपस्थिति रहने गरेको छ । भीड व्यवस्थापनका लागि प्रशासनले कुपन प्रणाली र टोकनको व्यवस्था गरे पनि चाप उच्च हुँदा सेवा प्रवाहमा चुनौती थपिएको थियो । प्रमुख जिल्ला अधिकारी स्वयं सेवा प्रवाहमा खटिएपछि कर्मचारीहरूमा पनि कामप्रति थप तत्परता देखिएको छ। सेवा लिन आएका एक सेवाग्राहीले खुसी व्यक्त गर्दै भने हाकिम साब आफैं फाँटमा आएर फाइल हेरिदिएपछि काम छिटो भयो नत्र आज पनि पालो नआउने पो हो कि भन्ने डर थियो ।
सुशासन र पारदर्शिताको प्रत्याभूति
पछिल्लो समय रौतहट प्रशासनले सेवाग्राही मैत्री वातावरण निर्माण गर्न विभिन्न सुधारका प्रयासहरू गर्दै आएको छ । बिचौलियाको चलखेल रोक्न र पारदर्शी ढंगले काम अघि बढाउन प्रजिअ भुसालले कडाईका साथ अनुगमन समेत बढाएका छन् ।
जेठ ६ गतेको यस विशेष सक्रियताले कर्मचारीहरूलाई जिम्मेवार बनाउन र सेवाग्राहीलाई सरकारको उपस्थिति महसुस गराउन महत्वपूर्ण भूमिका खेलेको स्थानीय बताउँछन् ।

# गौरलाई सफा र सुन्दर बनाउने अभियान तीव्र, बडहवा पार्क क्षेत्रमा वृहत् सरसफाई

***शु.आ. सम्बाददाता***
***रौतहट, ०६ जेठ***

रौतहटको सदरमुकाम गौर नगरपालिकालाई सफा, स्वच्छ र सुन्दर शहरका रूपमा विकास गर्ने उद्देश्यसहित नगरपालिकाले सरसफाई अभियानलाई तीव्रता दिएको छ। नगर प्रमुख शम्भु साह को विशेष सक्रियतामा नगर प्रहरी र सफाईकर्मीहरूको संयुक्त टोलीले बुधबार जिल्लाकै पहिचानको रूपमा रहेको बडहवा पार्क तथा आसपासका क्षेत्रमा वृहत् सरसफाई कार्यक्रम सञ्चालन गरेको हो ।



बढ्दो शहरीकरण, जनसंख्याको चाप तथा अव्यवस्थित फोहोर व्यवस्थापनका कारण नगर क्षेत्रमा वातावरणीय समस्या बढ्दै गएपछि नगरपालिकाले अभियानात्मक रूपमा सरसफाई कार्य अगाडि बढाएको जनाएको छ। अभियान अन्तर्गत पार्क परिसरमा थुप्रिएका प्लास्टिकजन्य फोहोर संकलन गर्नुका साथै झाडी सफाइ, सडक किनार व्यवस्थापन तथा ढल निकासलाई व्यवस्थित बनाउने कार्य गरिएको थियो ।
नगरपालिकाका अनुसार बडहवा पार्क गौर नगरको प्रमुख सार्वजनिक स्थल भएकाले यसको सौन्दर्य संरक्षण र वातावरणीय स्वच्छतामा विशेष ध्यान दिइएको हो । सरसफाई अभियानमा नगर प्रहरी, सफाईकर्मी तथा स्थानीयवासीको समेत सहभागिता रहेको बताइएको छ ।
नगर प्रमुख शम्भु साहले सफा शहर निर्माण केवल नगरपालिकाको प्रयासले मात्र सम्भव नहुने भन्दै नागरिकको सहभागिता र सचेतना आवश्यक रहेको बताएका छन् । उनले सार्वजनिक स्थलमा जथाभावी फोहोर फाल्ने प्रवृत्ति अन्त्य गर्न सबै नगरवासी जिम्मेवार बन्नुपर्नेमा जोड दिएका छन् ।
नगरपालिकाले आगामी दिनहरूमा पनि बजार क्षेत्र, सार्वजनिक पार्क, सडक किनार तथा नाला क्षेत्रमा नियमित सरसफाई अभियान सञ्चालन गरिने जनाएको छ । साथै, फोहोर व्यवस्थापनलाई दीर्घकालीन रूपमा प्रभावकारी बनाउन जनचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गरिने नगरपालिकाको भनाइ छ ।
स्थानीयवासीहरूले समेत नगरपालिकाको अभियानको स्वागत गर्दै गौरलाई स्वच्छ र व्यवस्थित शहर बनाउने प्रयासमा निरन्तरता दिन आग्रह गरेका छन् ।

# कलैयामा बजार अनुगमन र पार्किङ व्यवस्थापन कडाइ गरिने

***शु.आ. सम्बाददाता***
***कलैया, ०६ जेठ***

कलैया बजार क्षेत्रको अव्यवस्थित पार्किङ, बढ्दो सवारी चाप तथा अस्तव्यस्त बजार व्यवस्थापनलाई नियन्त्रण गर्न सम्बन्धित निकायहरू सक्रिय भएका छन् । जिल्ला प्रशासन कार्यालय बारा, जिल्ला प्रहरी कार्यालय बारा, कलैया उपमहानगरपालिका तथा जेनजी युथ अफ बाराका प्रतिनिधिहरूको संयुक्त उपस्थितिमा बुधबार आयोजित छलफलपछि बजार अनुगमन तथा पार्किङ व्यवस्थापनलाई कडाइका साथ लागू गर्ने निर्णय गरिएको हो । बैठकमा कलैयाको मुख्य बजार क्षेत्रमा दिनप्रतिदिन बढ्दै गएको ट्राफिक चाप, सडक अतिक्रमण, जथाभावी पार्किङ तथा बजारको अव्यवस्थित अवस्थाले सर्वसाधारणलाई आवतजावतमा समस्या उत्पन्न गरिरहेको विषयमा गम्भीर छलफल भएको थियो । सहभागीहरूले बजार क्षेत्रलाई व्यवस्थित, सुरक्षित र सहज बनाउने उद्देश्यले संयुक्त रूपमा नियमित अनुगमन सञ्चालन गर्ने सहमति जनाएका छन् ।



छलफलका क्रममा मुख्य बजार क्षेत्रमा सवारीसाधन जथाभावी पार्किङ गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न विशेष अभियान सञ्चालन गरिने बताइएको छ । ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै बजार क्षेत्रमा नियम विपरीत पार्किङ गर्ने सवारीसाधनमाथि आवश्यक कारबाही गरिने सम्बन्धित निकायहरूले स्पष्ट पारेका छन् । त्यसैगरी, व्यापारीहरूले पसल अगाडि सडक अतिक्रमण गरी सामग्री राख्ने तथा सडक साँघुरो बनाउने गतिविधि नियन्त्रण गर्न समेत नियमित अनुगमन गरिने जनाइएको छ। बजारलाई व्यवस्थित, सफा तथा सुन्दर बनाउन स्थानीय तह, प्रहरी प्रशासन र युवाहरूको समन्वयमा अभियान सञ्चालन गरिने बताइएको छ । कार्यक्रममा सहभागी प्रतिनिधिहरूले बजार व्यवस्थापन केवल सरकारी निकायको जिम्मेवारी मात्र नभई व्यवसायी, सवारी चालक तथा सर्वसाधारणको समेत साझा दायित्व भएको उल्लेख गरेका थिए । नियमको पालना नगर्दा बजार क्षेत्र थप अस्तव्यस्त बन्दै गएको भन्दै अब कडाइका साथ व्यवस्थापन प्रक्रिया अगाडि बढाइने जनाइएको छ ।
स्थानीयवासी तथा व्यवसायीहरूलाई पनि निर्धारित पार्किङ स्थलको प्रयोग गर्न, ट्राफिक नियम पालना गर्न तथा बजार व्यवस्थापन अभियानमा सहयोग गर्न आग्रह गरिएको छ । सम्बन्धित निकायहरूले आगामी दिनहरूमा नियमित अनुगमन गरी कलैयालाई व्यवस्थित, सुरक्षित र सुन्दर बजारका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

फेटा गाउँपालिका द्वारा जनहितमा जारी सन्देश
- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।
फेटा गाउँपालिकाको कार्यालय, फेटा, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका